# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) धनगढी, नेपाल, चैत ६ गते, २०८१ साल (अतिरिक्ताङ्क ९

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको

## सूचना

<u>रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) (चौथो संशोधन) आदेश, २०८१</u>



रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेशको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम प्रदेश सरकारले देहाय बमोजिमको आदेश जारी गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस आदेशको नाम "रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) (चौथो संशोधन) आदेश, २०८१" रहेको छ।

(२) यो आदेश सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. <u>रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७६ को दफा ३ मा संशोधन</u>: रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७६ (यसपछि "मूल आदेश" भनिएको) को दफा ३ को,-

(१) उपदफा (२) को,-

(क) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) संरक्षण कार्यमा संलग्न रामारोशन क्षेत्रका महिलामध्येबाट प्रदेश सरकारबाट मनोनीत एक जना - सदस्य"

(ख) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) रामारोशन गाउँपालिकाको अध्यक्ष - सदस्य"

(२) उपदफा (३) मा रहेका "वा सदस्यमा नियुक्त" भन्ने शब्दहरूको सट्टा "वा उपदफा (२) को खण्ड (ग) वा (घ) बमोजिमको सदस्यमा नियुक्त" भन्ने शब्दहरू राखिएका छन् र उपदफा (३) को खण्ड (क) मा रहेका "३५ वर्ष" भन्ने शब्दहरूको सट्टा "तिस वर्ष" भन्ने शब्दहरू राखिएका छन्।"

(३) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखी प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"(५) समितिका अध्यक्ष एवम् उपदफा (२) को खण्ड (ग) र (घ) बमोजिमका सदस्यको पदावधि नियुक्ति भएको मितिबाट चार वर्षको हुनेछ।

तर कुनै सदस्यको पदावधि पूरा नहुँदै पद रिक्त हुन गएमा बाँकी अवधिको लागि मनोनयन गरेर त्यस्तो रिक्त पदपूर्ति गर्न सकिनेछ।"

३. <u>मूल आदेशको दफा ६ मा संशोधन</u>ः मूल आदेशको दफा ६ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक उपाधि प्राप्त गरेको व्यक्तिलाई मन्त्रालयले कार्यकारी अधिकृतको पदमा नियुक्ति गर्नेछ ।"





(२) उपदफा (५) को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१) प्रदेश सरकारबाट स्वीकृत भई विनियोजन भएका कार्यक्रमको प्रगति विवरण अर्ध वार्षिक तथा वार्षिक रुपमा मन्त्रालयमा पेस गर्ने।"

४. <u>मूल आदेशको दफा ११ मा संशोधन</u>ः मूल आदेशको दफा ११ मा रहेका "आर्थिक मामिला मन्त्रालयले स्वीकृत गरेको नर्म्स बमोजिम" भन्ने शब्दहरूको सट्टा "प्रचलित कानून बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

५. <u>रुपान्तर</u>ः मूल आदेशको ठाउँ ठाउँमा रहेका "कार्यकारी निर्देशक" भन्ने शब्दहरूको सट्टा "कार्यकारी अधिकृत" भन्ने शब्दहरू राखी रुपान्तर गरिएको छ।

**आज्ञाले,**
**प्रमोद भट्टराई**
**प्रदेश सरकारको सचिव**



मुद्रकः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. ५।-